# प्रदेश विपद् उत्थानशील नीति, २०७६

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. १, विराटनगर

२०७६ फाल्गुण

विषयसूची


१. पृष्ठभूमि....................................................................................................१

२. प्रदेशमा विपद् जोखिमको अवस्था..........................................................................१

३. चुनौती तथा समस्याहरू.......................................................................................२

४. नीतिको आवश्यकता...........................................................................................२

५. दीर्घकालीन सोच ..............................................................................................३

६. ध्येय..............................................................................................................३

७. लक्ष्य ............................................................................................................३

८. उद्देश्य...........................................................................................................३

९. अवधारणा.......................................................................................................३

१०. नीति.............................................................................................................४

११. नीति कार्यान्वयन .............................................................................................७

१२. समन्वय, अनुगमन तथा मूल्याङ्कन..........................................................................८

१३. नीति पुनरावलोकन............................................................................................८

# प्रदेश विपद् उत्थानशील नीति, २०७६

## १. पृष्ठभूमि

विश्वको सर्वोच्च शिखर सगरमाथा र नेपालको होचो भूभाग केचना कवल रहेको यस प्रदेशमा संसारको सबैभन्दा होचो अरुण उपत्यका समेत रहेको छ । मकालु बरुण राष्ट्रिय निकुञ्ज, सगरमाथा राष्ट्रिय निकुञ्ज, कञ्चनजङ्घा संरक्षण क्षेत्र र कोशी टप्पु वन्यजन्तु आरक्ष रहेको यो प्रदेश जलभण्डार र जैविक विविधताले भरिपूर्ण छ । नेपालको सबैभन्दा ठूलो सप्तकोशी नदीको जलाधार क्षेत्र रहेको यो प्रदेशमा ऐतिहासिक विराट राजाको राजधानी, बराहक्षेत्र, हलेसी धाम, पाथीभरा भगवती मन्दिरजस्ता धार्मिक तथा सांस्कृतिक क्षेत्रहरू रहेका कारण प्रदेश पर्या-पर्यटन र धार्मिक तथा सांस्कृतिक पर्यटनमा समृद्ध रहेको छ ।

पूर्व र दक्षिणमा मित्र राष्ट्र भारतको पश्चिम बङ्गाल र बिहार राज्य, पश्चिममा २ नं. र वागमती प्रदेश र उत्तरमा मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत सीमा रहेको छ । कूल क्षेत्रफल २५,९०५ वर्गकिलोमिटर रहेको यस प्रदेशमा झापा, इलाम, पाँचथर, ताप्लेजङ्, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, ओखलढुङ्गा र उदयपुर गरी १४ जिल्ला र १३७ स्थानीय तह रहेका छन् । वि. सं. २०६८ को जनगणनाको तथ्याङ्क अनुसार यस प्रदेशमा २३,६८,४०७ महिला र २१,६६,९४३ पुरुष गरी कूल ४५,३४,९४३ जनसङ्ख्या रहेको छ ।

## २. प्रदेशमा विपद् जोखिमको अवस्था

नेपालमा जलवायु परिवर्तनका कारण हुने अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टिले गर्दा बाढी, डुवान, पहिरो, खडेरीका साथै हुरीबतास, चट्याङ, शीतलहर, कीराको आक्रमणजस्ता घटनाको आवृत्ति र त्यसबाट हुने क्षतिको मात्रा बढिरहेको छ । भूकम्पीय दृष्टिले उच्च जोखिममा रहेको नेपालमा आगलागी र यातायात, औद्योगिक, विद्युतीय दुर्घटनाजस्ता मानवकृत विपद्को जोखिम समेत बढ्दै गएको छ ।

यस प्रदेशमा भूकम्प, बाढी, पहिरो, आगलागी र डढेलो, शीतलहर, वन्यजन्तुको आक्रमणजस्ता विपद्का कारण मानिस, भौतिक पूर्वाधार, सामाजिक, आर्थिक र प्राकृतिक सम्पत्तिमा हुने क्षतिका कारण समग्र विकास प्रक्रियामा अवरोध उत्पन्न भइरहेको छ । प्राकृतिक स्रोतको दोहन, अव्यवस्थित शहरीकरण, विकास प्रक्रियामा विपद् जोखिम संवेदनशीलताको अभाव, जनचेतनाको कमीका कारण प्रदेशमा विपद्जन्य जोखिम बढ्दो क्रममा छ ।

नेपाल सरकारले विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएको प्रतिबद्धता र अवलम्बन गरेको नीतिगत व्यवस्था एवं यस प्रदेशको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक पक्षलाई दृष्टिगत गरी विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरणका माध्यमबाट विपद् उत्थानशील प्रदेशको विकासका लागि "प्रदेश विपद् उत्थानशील नीति, २०७६" तर्जुमा गरिएको छ ।

## ३. चुनौती तथा समस्याहरू

(क) भौगोलिक तथा धरातललीय स्वरुप र भौगर्भिक बनोटका कारण उत्पन्न जोखिम ।

(ख) विश्वव्यापी उष्णीकरणका कारण उत्पन्न जलवायु परिवर्तनको बढ्दो जोखिम ।

(ग) तीव्र हिमस्खलन, हिमतालको उत्पत्ति र विष्फोटनको सम्भावना ।

(घ) विकास योजनामा विपद् र जलवायुजन्य जोखिमको अध्ययन अनुसन्धान, लेखाजोखा, नक्साङ्कन र न्यूनीकरण प्रभावकारी हुन नसक्नु ।

(ङ) विपद्को सामना गर्ने ज्ञान, सीप, क्षमता र प्रविधिको कमी हुनु।

(च) विपद् जोखिम न्यूनीकरणका लागि योजना तथा कार्यक्रमको निर्माण र स्रोतको उचित व्यवस्था नहुनु ।

(छ) राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयन तथा पूर्वाधार विकासमा मापदण्डको पालना नहुनु ।

(ज) शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत्, सञ्चार, वित्तीय संस्थाजस्ता आधारभूत सेवा प्रदायक संस्थाको विपद् सुरक्षा र व्यवसाय निरन्तरता योजना नहुनु ।

(झ) तहगत रूपमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सुदृढीकरणका साथै आपत्कालीन प्रतिकार्यका लागि पर्याप्त स्रोत, साधन र क्षमताको कमी हुनु ।

## ४. नीतिको आवश्यकता

(क) "स्वच्छ, सुखी र समुन्नत प्रदेश" निर्माणका लागि विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी उत्थानशीलता अभिवृद्धि गर्न।

(ख) विपद् तथा जलवायु परिवर्तनको प्रतिकूल प्रभाव कम गरी प्रदेशको दिगो विकास प्रक्रियालाई उत्थानशील बनाउन ।

(ग) विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने प्रयासमा सघाउन ।

(घ) विपद्का कारण मानवीय, प्राकृतिक, सामाजिक, वित्तीय र भौतिक सम्पत्तिमाथि पर्ने प्रतिकूल प्रभाव कम गर्न ।

(ङ) विपद् प्रतिकार्य तथा "अझ बलियो र अझ राम्रो" निर्माणका लागि पूर्वतयारीलाई सुदृढ र प्रभावकारी बनाउन ।

(च) स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै सबै निकाय, क्षेत्र, समुदाय र वर्गसँग समन्वय र साझेदारी अभिवृद्धि गरी विपद् उत्थानशील प्रदेशको निर्माण गर्न ।

## ५. दीर्घकालीन सोच

विपद् र जलवायुजन्य जोखिमबाट सुरक्षित र उत्थानशील प्रदेशको निर्माण ।

## ६. ध्येय

विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणलाई समयानुकूल र प्रभावकारी बनाई विपद्का कारण हुने क्षति घटाउँदै उत्थानशीलता अभिवृद्धि ।

## ७. लक्ष्य

विपद् र जलवायुजन्य जोखिमका कारण हुने मानवीय मृत्युदर, प्रभावित व्यक्तिको सङ्ख्या घटाउँदै जीवन निर्वाहका साधन, विकासका पूर्वाधार, स्थानीय तथा विश्वव्यापी महामारीलगायतका स्वास्थ्यसम्बन्धी समस्या , शिक्षालगायतका आधारभूत सेवामा हुने अवरोध र आर्थिक क्षति कम गरी उत्थानशील प्रदेशको निर्माण गर्नु यस नीतिको लक्ष्य रहेको छ।

## ८. उद्देश्य

(क) सबै क्षेत्र, तह र वर्गमा विपद् जोखिमबारे समान बुझाइको विकास गर्नु,

(ख) विपद् जोखिम शासकीय पद्धतिलाई समावेशी र सुदृढ बनाउनु,

(ग) विषयगत विकास योजनामा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्नु,

(घ) साझेदारीका माध्यमबाट सार्वजनिक तथा निजी लगानी अभिवृद्धि गरी विपद् व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउनु,

(ङ) विपद् प्रतिकार्य र पुनर्लाभ एवं पुनर्निर्माणमा “अझ बलियो र अझ राम्रो” अवधारणा अवलम्बन गरी पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउनु ।

## ९. अवधारणा

विपद् उत्थानशील प्रादेशिक नीतिको तर्जुमागर्दा देहायका सिद्धान्त अवलम्बन गरिएको छ :

9.1. नेपालको संविधान र कानून बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यको सिद्धान्त,

9.2. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका माध्यमबाट उत्थानशील प्रदेशको निर्माण,

9.3. बहु-प्रकोपको जोखिम पहिचान, लेखाजोखा, अभिलेखीकरण, न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण,

9.4. समावेशी विपद् जोखिम न्यूनीकरणका लागि सरकारका सबै तह र नागरिक समाज एवं सरोकारवालाबीच समन्वय तथा सहकार्य,

9.5. विपद् जोखिम व्यवस्थापनमा स्थानीय स्रोत, साधन, सीप र रैथाने ज्ञानको प्रबर्द्धनसहित नवप्रवर्तनमुखी प्रविधिको प्रयोग,

9.6. विपद् उत्थानशील विकासमा सार्वजनिक र निजी साझेदारीमा वित्तीय लगानी वृद्धि,

9.7. विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनमा "अझ बलियो र अझ राम्रो" निर्माणका लागि पूर्वतयारी।

## १०. नीति

विपद् उत्थानशीलता अभिवृद्धिको उद्देश्य पूरा गर्न प्रदेशले देहायका नीति अवलम्बन गर्नेछः

१. विपद्को उत्पत्ति, प्रकार र प्रकृतिका आधारमा सामाजिक र वैज्ञानिक दुवै विधिको प्रयोग गरी विस्तृत लेखाजोखाका माध्यमबाट जोखिम पहिचान र अभिलेखीकरण गरिनेछ ।

२. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणसम्बन्धी सचेतना अभिवृद्धि गरिनेछ ।

३. प्रदेश स्तरीय विपद् व्यवस्थापन सूचना प्रणालीको विकास गरी स्थानीय तहका सूचना प्रणालीलाई समेत राष्ट्रिय विपद् व्यवस्थापन सूचना प्रणालीसँग आवद्ध गरी व्यवस्थित गरिनेछ ।

४. विपद् जोखिम न्यूनीकरणका लागि भू-विज्ञान, भूकम्प विज्ञान, भौगोलिक सूचना प्रणाली, समुदायमा आधारित एवं अत्याधुनिक पूर्वसूचना प्रणालीलगायतका प्रविधिको विकास, उपयोग र प्रवर्द्धन गरिनेछ ।

५. राष्ट्रिय भवन संहिता तथा पूर्वाधार विकासमा मापदण्डको पालना गरिनेछ । साथै प्रदेश सुहाउँदो मापदण्ड तयार गरी कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. विद्यालयको संरचनात्मक र गैरसंरचनात्मक सुरक्षा अभिवृद्धि गरी गुणस्तरीय सिकाई सुनिश्चित गरिनेछ ।

७. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी विषयलाई सबै तहको शैक्षिक पाठ्यक्रममा समावेश गराउने नीति अवलम्बन गरिनेछ ।

८. आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा गर्दा प्रकोपको प्रकृति, आवृत्ति, विपद्को सम्भावना र अवशिष्ट जोखिम तथा विकास आयोजनाको कार्यान्वयनबाट उत्पन्न हुनसक्ने जोखिमको पहिचान तथा न्यूनीकरण गरिनेछ ।

९. विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन केन्द्र सरकारको समेत सहयोगमा अन्तरदेशीय, अन्तर प्रदेश र स्थानीय तहबीच समन्वय संयन्त्रको विकास गरिनेछ ।
१०. प्रदेशको विपद् उत्थानशील विकासका लागि संस्थागत संरचनालाई सुदृढ बनाइनेछ।
११. सार्वजनिक एवं निजी क्षेत्रबीच समन्वय, सहकार्य र सञ्जालीकरणलाई सदृढ बनाउने र तिनीहरूको क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।
१२. राष्ट्रिय भू-उपयोग नीति अनुरुप सबै स्थानीय तहको विपद् जोखिम सम्बेदनशील भूउपयोग योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
१३. विपद्को जोखिममा रहेका असुरक्षित बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।
१४. विपद् तथा जलवायु उत्थानशील पूर्वाधार निर्माणका लागि आवश्यक मापदण्डको विकास तथा कार्यान्वयन गरिनेछ ।
१५. विपद् जोखिम न्यूनीकरणका लागि समुदायको क्षमता विकास गरिनेछ ।
१६. प्राकृतिक र गैरप्राकृतिक विपद्को नियमित निगरानी र मापन गरी जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।
१७. शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, पर्यटन, ऊर्जा, आवास, यातायात, खानेपानी, सरसफाइलगायत औद्योगिक तथा व्यवसायिक क्षेत्रका पूर्वाधार र ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको विपद् जोखिम न्यूनीकरण गरिनेछ ।
१८. स्थानीय, राष्ट्रिय र विश्वव्यापी तहका सम्भावित महामारीको प्रभावको सामना गर्न प्रदेशको क्षमता विकास गरिनेछ ।
१९. विपद्का कारण मानिस र मानवीय सम्पत्ति, सरकारी, सार्वजनिक तथा निजी पूर्वाधारलगायत जीविकोपार्जनका साधनमा हुनसक्ने क्षतिको परिपूर्ति सुनिश्चित गर्न बिमालगायतका जोखिम हस्तान्तरणका विधिको कार्यान्वयन गरिनेछ।
२०. समुदायमा आधारित विपद् व्यवस्थापनलाई विस्तार गरी रैथाने तथा परम्परागत ज्ञान, सीप, प्रविधि र अभ्यासको प्रवर्द्धन गरिनेछ।
२१. प्रदेशमा विपद् जोखिमको अध्ययन तथा अनुसन्धानका लागि सरकार, विकास साझेदार, निजी तथा गैरसरकारी संस्थाहरू, प्राज्ञिक निकाय र सार्वजनिक तथा निजी अनुसन्धान केन्द्रसँग गरिने सहकार्यलाई प्रोत्साहन गरिनेछ ।
२२. प्रदेशमा एकीकृत नदी व्यवस्थापन, भू तथा जलाधार संरक्षणसम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
२३. नेपाल सरकारद्वारा चुरे क्षेत्रको संरक्षण गरी विपद् जोखिम कम गर्न लागू गरिएको कार्यक्रमलाई सफल बनाउने नीति अवलम्बन गरिनेछ ।

२४. विपद् जोखिम न्यूनीकरणका सबै चरणमा समाजका सबै तह र वर्गलाई सक्रिय रूपमा सहभागी गराइनेछ ।

२५. सार्वजनिक तथा निजी भौतिक संरचनालाई विपद् उत्थानशील एवं अपाङ्ग, बाल, महिला एवं ज्येष्ठ नागरिकमैत्री बनाउने नीति लिइनेछ ।

२६. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यमा सार्वजनिक तथा निजी क्षेत्रको संलग्नता एवं साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

२७. प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धिका लागि बैंक तथा वित्तीय क्षेत्र, बिमा कम्पनीलगायत निजी क्षेत्र, दातृ संस्था र विकास साझेदार आदिको लगानी प्रवर्द्धन गर्न प्रोत्साहन गरिनेछ ।

२८. बहूविपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूल कृषि प्रणालीको विकासका लागि संघ र प्रदेशमा रहेका अनुसन्धान तथा प्राज्ञिक निकायसँग सहकार्य गरिनेछ ।

२९. विपद् व्यवस्थापन सम्बन्धी कार्यको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा समावेशी संयन्त्रको स्थापना एवं सुदृढीकरण गरिनेछ ।

३०. विपद्को समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त हुने मानवीय सहयोग सामग्रीको सहज आपूर्ति र परिचालनको उचित व्यवस्था मिलाइनेछ ।

३१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहमा स्वयंमसेवक समूहको गठन, अत्यावश्यक सेवा सञ्चालन केन्द्रको स्थापना र विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

३२. मानवीय सहयोगलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बनाउन संस्थागत व्यवस्था तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. आपत्कालीन प्रतिकार्यमा विपद् प्रभावित सबै वर्गको पहुँच सुनिश्चित गर्न प्रविधिमा आधारित सञ्चार प्रणालीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

३४. विपद्का समयमा सहज उपयोग गर्न सकिने गरी सुरक्षित खुल्ला क्षेत्रको पहिचान र व्यवस्थापन गरिनेछ ।

३५. आपत्कालीन भण्डारगृहको स्थापना गरी आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्री भण्डारण गरिनेछ ।

३६. आपत्कालीन अवस्थामा मानवीय सहयोग र जोखिम न्यूनीकरणका लागि प्रदेश, स्थानीय तह र समुदायमा विपद् व्यवस्थापन कोषको स्थापना र परिचालन गरिनेछ ।

३७. शैक्षिक संस्था, अस्पताल र आपत्कालीन आश्रय स्थलजस्ता आधारभूत सेवा प्रदायक पूर्वाधारको क्षमता विकास गरी विपद्को अवस्थामा सहज उपयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

३८. आपत्कालीन कार्यसञ्चालन केन्द्र र अत्यावश्यक सेवा केन्द्रहरूको क्षमता विकास गरी घटना नियन्त्रण पद्धतिलाई स्थानीय तहसम्म विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

३९. स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउन प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

४०. सरकारी, सार्वजनिक, निजी एवं गैरसरकारी क्षेत्रको व्यवसाय निरन्तरता योजना र आपत्कालीन प्रतिकार्य योजना बनाइनेछ ।

४१. प्रदेश र स्थानीय तहमा क्षमताअनुरुप विभिन्न स्तरका खोज तथा उद्धार टोलीको गठन गरी तिनको क्षमता विकास गरिनेछ ।

४२. प्रदेशले आपत्कालीन मानवीय सहयोग मापदण्ड निर्माण गर्नेछ ।

४३. विपद्पछि गरिने पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापनालगायतका कार्यबाट नयाँ जोखिम उत्पन्न हुन नदिन विश्वव्यापी रूपमा स्वीकार गरिएको “अझ बलियो र अझ राम्रो” अवधारणालाई प्रोत्साहन गरिनेछ ।

४४. विपद् प्रभावित समुदायलाई आवाश, जीविकोपार्जन र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्न सरकारद्वारा अनुदान उपलब्ध गराउने तथा बैंक वा वित्तीय सँस्थाहरूमार्फत् सहुलियत कर्जाको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

४५. विपद्पछिको पुनर्निर्माण र पुनःस्थापनाका लागि सङ्घीय सरकार, स्थानीय सरकार, दाता, विकास साझेदार र निजी तथा सार्वजनिक क्षेत्रसँग सहकार्य र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

## ११. नीति कार्यान्वयन

११.१ प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना, प्रदेश विपद् प्रतिकार्य ढाँचा, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शन, पुनर्निर्माण तथा पुनःस्थापन कार्यढाँचालगायत आवश्यक मार्गदर्शन तथा कार्यविधि तर्जुमा गर्ने ।

११.२ विपद् उत्थानशीलता अभिवृद्धिका लागि प्रदेशले तयार गर्ने आवधिक र वार्षिक योजनामा जोखिम न्यूनीकरणका कार्यलाई प्राथमिकतामा राखेर मूलप्रवाहीकरण गर्ने।

११.३ विषयगत विकास योजनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा हुने व्ययको अभिलेखीकरण गर्ने विधि अवलम्बन गर्ने ।

११.४ विषयगत मन्त्रालय, निकाय र स्थानीय तहहरूको आवधिक तथा वार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनका रूपमा लिइने ।

११.५ प्रदेश र स्थानीय सरकारले समुदायमा आधारित विपद् व्यवस्थापनलाई प्रबर्द्धन गर्न आवश्यक कार्यक्रमसहित बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने ।

११.६ नीतिको कार्यान्वयनका निमित्त विपद् व्यवस्थापन ऐन, २०७५ (पहिलो संशोधन २०७६) मा आवश्यक सुधार गर्दै संस्थागत संरचना सुदृढ बनाउने ।

११.७ विषयगत मन्त्रालय तथा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी समयानुकूल सुधार तथा पुनःसंरचना गर्ने ।

११.८ आपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद्को उच्च जोखिममा रहेका क्षेत्रलाई समेट्नेगरी अत्यावश्यक सेवा केन्द्रको स्थापना गर्ने ।

## १२. समन्वय, अनुगमन तथा मूल्याङ्कन

१२.१ नीतिको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा सरकारी, निजी, गैरसरकारी संस्था तथा सरोकारवालाहरूबीच समन्वय र सहकार्य गर्ने ।

१२.२ विपद् व्यवस्थापन परिषदको स्वीकृतीमा कार्यकारी समितिले तयार गरेको सूचक बमोजिम यस नीतिअनुरूप भएका कार्यको सूचकसहित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

१२.३ अनुगमन तथा मूल्याङ्कनका लागि नीतिका आधारमा सूचक तयार गरी जोखिम न्यूनीकरणमा भएको सुधारको मापन गर्ने ।

१२.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी सम्पूर्ण विवरण वार्षिक रूपमा अद्यावधिक गरी सम्प्रेषण गर्ने ।

## १३. नीति पुनरावलोकन

यस नीतिलाई आवश्यकता अनुसार प्रदेश विपद् व्यवस्थापन समितिको निर्णयअनुसार पुनरावलोकन सकिनेछ।